निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, भोजपुर
# District Election Office, Bhojpur

प.सं. २०८३/०८४
च.नं.:- ३१

मिति:- २०८३/०६/१९

श्री स्थानीय पञ्जिकाधिकारीज्यू,
सबै वडा कार्यालयहरु,
भोजपुर।

**विषय:- मृत्यु भएका/दोहोरो परेका मतदाताको नाम मतदाता नामावलीबाट हटाइएको सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा यस कार्यालयको च.नं.१२, मिति २०८३/०४/१५ र च.नं.१८ मिति २०८३/०४/२६ गतेको पत्रमार्फत उक्त पत्रसाथ संलग्न अनुसूची–७ बमोजिमको ढाँचामा मृत्यु दर्ताको एकमुष्ट विवरण उपलब्ध गराइदिन अनुरोध गरिएकोमा तहाँ कार्यालयबाट प्राप्त विवरणहरू रुजु तथा भिडान गरी यसैसाथ संलग्न सूचनामा उल्लेखित मतदाताहरूको नाम मतदाता नामावलीबाट हटाइएको साथै **System मा दोहोरो देखिएका** यसैसाथ संलग्न सूचनामा उल्लेखित मतदाताहरुको नामसमेत हटाइएको व्यहोरा जानकारी गराइन्छ। उक्त सूचना सम्बन्धित सबैको जानकारीका लागि मिति: २०८३/०६/२० गते तहाँको सूचनापाटी लगायतका सार्वजनिक स्थानमा टाँस गरी सोको जानकारी यस कार्यालयलाई गराइदिनुहुन अनुरोध छ।

पुनश्च: तहाँ कार्यालयबाट अनुसूची–७ बमोजिमको ढाँचामा पठाइएको विवरणहरू रुजु तथा भिडान गर्दा मृत्यु दर्ता मिति, नागरिकता नम्बर, मतदाता परिचयपत्र नम्बर, बुबा–आमाको नाम, जन्ममिति लगायतका आवश्यक विवरणहरू उल्लेख नभएको/फरक परेको कारण कतिपय विवरणहरू रुजु गरी हटाउन नसकिएको व्यहोरा जानकारी गराइन्छ। छुट भएका वा फरक परेका विवरण पुन: पठाउन सकिने व्यहोरासमेत जानकारी गराइन्छ।

..............
(डिकेन्द्र प्रसाद सुवेदी)
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

**अवगतार्थ:**

श्री निर्वाचन आयोग, नेपाल, काठमाडौं।
श्रीमान् नगरप्रमुखज्यू/अध्यक्षज्यू, स्थानीय तह (सबै), भोजपुर
श्रीमान् वडाध्यक्षज्यू, स्थानीय तह (सबै), भोजपुर:-
श्रीमान् प्रशासकीय अधिकृतज्यू, स्थानीय तह (सबै), भोजपुर:-: संलग्न सूचना टाँस हुने व्यवस्थाका लागि।

अनुसूची-१

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, ........

**मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक कार्य २०८३ साल असोज महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | असोज १ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | | | |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | असोज २ | असोज १२ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | असोज २ | असोज १२ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | असोज १३ | असोज १६ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | | असोज १९ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | असोज २० | असोज २६ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | असोज ३० | | निर्वाचन आयोग |